मरिण गाउँपालिका, सिन्धुलीको
भाषा संरक्षण र विकास नीति-२०७७
(कार्यविधि तथा कार्ययोजनासहित)

नेपालको संविधान २०७२ को अनुसूची ८ को २२ मा भएको भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासको व्यवस्था भए अनुसार स्थानीय तह सरकार सञ्चालन २०७४ को दफा ११ को उपदफा (फ) को १ मा भाषाको संरक्षण र विकाससम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमनको व्यवस्थाका साथै उपदफा ५ मा भाषा संरक्षण र विकाससम्बन्धी अन्य कार्य गर्ने संवैधानिक तथा कानुनी व्यवस्था भएअनुसार स्थानीय तहका लागि स्थानीय तह भाषा संरक्षण र विकास नीति, २०७७ तयार गरी कार्यान्वयन गरिएको छ ।

१. दुरदृष्टि :-

- पालिकाभित्रका हरेक समुदाय र नागरिकको भाषिक अधिकार प्राप्तिको सुनिश्चितता गरिने छ ।

२. लक्ष्य :-

- पालिकाभित्रका भाषाहरूको संरक्षण र विकास गरी सरकारी कामकाजमा प्रयोग भई हरेक भाषिक समुदाय र नागरिकले आफ्नो मातृभाषाको प्रयोग गरेको हुनेछ ।

३. उद्देश्यहरू :-

(क) सरकारी कामकाजमा स्थानीय तहमा बोलिने भाषाहरूको प्रयोग गर्नु,
(ख) मातृभाषाहरूको संरक्षण तथा विकासका कार्यहरू सञ्चालन गर्नु,
(ग) विद्यालमा शिक्षा मातृभाषामा पाउने व्यवस्था गर्नु,
(घ) मातृभाषाहरूको अध्ययन अनुसन्धान गरी प्रयोग सम्भाव्यताको खोजी गर्नु,
(ङ) भाषालाई सूचना र प्रविधिसँग आबद्ध गरी भाषिक यान्त्रिकीकरण गर्नु,
(च) स्थानीय तहमा भाषिक अधिकारका लागि संयन्त्र स्थापना गर्नु ।

४. भाषा संरक्षण र विकास रणनीतिहरू :-

(क) सरकारी भाषाको भाषासम्बन्धी :

- नेपाली भाषाका अतिरिक्त स्थानीय तहले आफ्नो पालिकाभित्र बहुसङ्ख्यक जनताको जनसङ्ख्याले बोल्ने भाषालाई पालिकाको कानुन बमोजिम पालिकाको सरकारी कामकाजको भाषा प्रयोग गर्ने,
- तर अल्पसङ्ख्यकले स्थानीय तहमा बोल्ने भाषाहरूलाई संविधानतः विशेष संरक्षित वा स्वायत्त क्षेत्रको धारणाअनुसार रैथाने भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोगका लागि स्थान प्रदान गर्नुपर्ने,
- स्थानीय तहमा बोलिने भाषाहरूमा आवश्यकतानुसार स्थानीय तहको सेवा प्रवाह गर्न भाषा अनुवादकको व्यवस्था गर्ने,
- स्थानीय तहमा खटिएको राष्ट्रसेवकलाई स्थानीय तहको भाषा सिक्न प्रोत्साहन गर्ने,
- पालिकाका प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो मातृभाषामा सेवा पाउने हक हुने,
- स्थानीय सरकारले बहुभाषिक नीति अवलम्बन गर्ने,
- पालिकामा मातृभाषा कक्ष वा डेस्कको व्यवस्था गर्ने,
- अन्तराष्ट्रिय भाषा दिवसलाई स्थानीय सरकारले कार्यक्रमसहित मनाउने व्यवस्था गर्ने ।

(ख) भाषाको संरक्षण तथा विकाससम्बन्धी

- अल्सङ्ख्यक समुदायको मातृभाषाको पुस्तान्तरण (बाजेपुस्तादेखि नाति पुस्ता) गर्न प्रोत्साहन गर्ने,

- अत्यन्त लोपोन्मुख (मृतप्रायः) भाषाहरूको संरक्षण गर्न वक्ता संरक्षणका लागि भाषा वृत्ति प्रदान गर्ने,
- भाषाहरूको वर्णनिर्धारण, लेख्य पद्धति, शब्दकोश, ब्याकरण, साहित्य आदि अभिलेखीकरण गर्ने,
- पालिकाभित्र बोलिने भाषाहरूलाई आम सञ्चार, शिक्षा, अदालत, सरकारी सेवा, लोकसेवा, शिक्षक सेवा, सूचना आदिमा प्रयोग गर्ने,
- स्थानीय तहमा भाषा अभिलेखालय स्थापना गर्ने,
- प्रचलित र रैथाने लिपिहरूको संरक्षण र सम्वर्द्धन प्रयोग विस्तार गर्ने,
- लोकवार्ता सङ्कलन तथा अभिलेखन गर्ने र गराउने,
- मातृभाषामा कक्षा सञ्चालन गर्ने,
- भाषिक संघ, संस्थाहरूसँग भाषा संरक्षण र विकासका लागि सहकार्य र साझेदारी गर्ने,
- स्थानीय तहमा मातृभाषा प्रज्ञा परिषद् गठन गर्ने ।

(ग) मातृभाषामा शिक्षासम्बन्धी :

- प्रत्येक मातृभाषी बालबालिकाले आफ्नो मातृभाषामा विद्यालय शिक्षा प्राप्त गर्ने,
- विद्यालयको भाषिक नक्साङ्कन गर्ने,
- विद्यालय तहका पाठ्यक्रममा व्यवस्था भएअनुसारको स्थानीय पाठ्यक्रम तयार गरी मातृभाषा विषय अनिवार्य लागू गर्ने,
- मातृभाषा शिक्षाका लागि मातृभाषामा आधारित बहुभाषिक शिक्षा लागू गर्ने,
- बहुभाषिक शिक्षाबमोजिम मातृभाषी पाठ्यसामग्री तयार पार्ने वा पार्न सहयोग गर्ने
- शिक्षकको सक्षमता विकासका लागि बहुभाषिक शिक्षामा अभिमुखीकरण गर्न,
- बहुभाषिक शिक्षाका लागि शिक्षकको व्यवस्था र व्यवस्थापन गर्ने,
- समुदायमा बहुभाषिक शिक्षासम्बन्धी चेतना अभिवृद्धि गर्ने,
- मातृभाषा शिक्षा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास समिति गठन गर्ने,
- संस्थागत तथा सामुदायिक विद्यालयमा भाषिक नीतिको समान रूपमा कार्यान्वयन गर्ने ।

(घ) भाषाको अध्ययन अनुसन्धानसम्बन्धी :

- पालिकाभित्र बोलिने भाषाहरूको सर्वेक्षण गरी भाषिक प्रोफाइल तयार गर्ने,
- सबै भाषाहरूको स्तर मापन गरी प्रयोगको सम्भाव्यता अध्ययन गर्ने,
- भाषा तथा लिपिको प्रयोग अवस्थाको अध्ययन गरी प्रयोग विस्तारको उपाय खोजी गर्ने,
- भाषिक अपसरण वा स्थानान्तरणसम्बन्धी अध्ययन गर्ने,
- मातृभाषाको शिक्षामा प्रयोगसम्बन्धी अनुसन्धान गर्ने ।

(ङ) भाषा र सूचना प्रविधिसम्बन्धी :

- मातृभाषाहरूको विद्युतीय अभिलेखन गर्ने,
- मातृभाषाका सामग्रीहरूको प्रकाशन तथा प्रसारण गर्ने,
- मातृभाषामा वृत्तचित्र, युट्युव, कार्टुन, पाठ्यसामग्री तयार गर्ने,
- बहुभाषिक शब्दकोश तयार गर्ने ।

(च) अनुगमन तथा नियमनसम्बन्धी :

- मातृभाषा संरक्षण तथा विकास अनुगमन र नियमन समिति गठन गर्ने,
- समितिले चौमासिक अनुगमन गरी नियमनका लागि पृष्ठपोषण तथा आवश्यक कारवाही गर्ने,
- भाषा संरक्षण तथा विकाससम्बन्धी अनुगमन प्रतिवेदनको सार्वजनिकीकरण गर्ने,

- भाषिक संरक्षण र विकासका लागि अनुगमन सूचक तयार गर्ने,
- स्थानीय सरकारको अनुमति लिएर मात्र बाह्य संघ, संस्थाले भाषासम्बन्धी कार्य गर्न पाउने ।

५. भाषा संरक्षण र विकास कार्यनीतिहरू :-

(क) सरकारी भाषाको भाषासम्बन्धी :

- सरकारी कामकाजको भाषा चयनका आधार तयार गरी भाषा छनोट गरी प्रयोग गरिनेछ ।
- स्थानीय सरकारबाट भाषा अनुवादकको विकास र व्यवस्था गरिनेछ ।
- स्थानीयका शिक्षक लगायतका सम्पूर्ण कर्मचारीलाई बहुभाषा तालिमको व्यवस्था गरिनेछ ।
- स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रममा भाषा संरक्षण तथा विकास समावेश गरिनेछ ।

(ख) भाषाको संरक्षण तथा संरक्षणसम्बन्धी :

- भाषिक पुस्तान्तरणका लागि समुदाय सचेतना कार्यक्रम गरिनेछ ।
- भाषिक वक्ता संरक्षणका कार्यक्रम लागू गरिनेछ ।
- मातृभाषा कक्षा सञ्चालन गरिनेछ ।
- सरकारी सेवा प्रवाहमा मातृभाषाको प्रयोग गरिनेछ ।
- भाषिक संघ, संस्थासँगको सहकार्य र साझेदारी गरिनेछ ।
- भाषिक अभिलेखालय र भाषा कक्ष वा डेस्क स्थापना गरिनेछ ।
- भाषा र लिपिको प्रयोग विस्तार गरिनेछ ।
- समुदायको पहलमा स्थापना गरिने शैक्षिक संस्थालाई सरकारबाट अनुदान उपलब्ध गरिनेछ ।

(ग) मातृभाषामा शिक्षासम्बन्धी :

- विद्यालयको भाषिक नक्साङ्कन गरिनेछ । विद्यालयको भाषिक नक्साङ्कन गरी समुदाय र विद्यार्थीको भाषिक सक्षमता परीक्षण गरिनेछ ।
- मातृभाषा विषय पठनपाठन व्यवस्थाको अनिवार्य कार्यान्वयन गरिनेछ ।
- शिक्षकको व्यवस्थापन गरिनेछ । विद्यालमा कार्यरत शिक्षकलाई तालिम, शिक्षकको कार्य जिम्मेवारी प्रदान, बहुभाषिक शिक्षक कोटाको सिर्जना गरिनेछ ।
- बहुभाषिक शिक्षा नमुना विकास गरिनेछ । जसमा ०-३ कक्षामा मातृभाषामा आधारित बहुभाषिक कक्षा सञ्चालन गरिनेछ । कक्षा ४ देखि मातृभाषा विषयको पठनपाठन गरी मातृभाषा शिक्षालाई निरन्तरता दिनेछ । तथापि कक्षा १ देखि नै मातृभाषा विषयमा प्रवृत्त गराउनको लागि मातृभाषा विषय पठनपाठन गर्न सकिनेछ ।
- पाठ्यक्रमअनुसारको मातृभाषा विषयको पठनपाठन अनिवार्य गरिनेछ ।
- बहुभाषिक शिक्षक तालिम सञ्चालन गरिनेछ ।
- मातृभाषामा शिक्षा साक्षरता कार्यक्रम वा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- मातृभाषा शिक्षाका लागि स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री तयार गर्नका लागि विज्ञसहितको समिति गठन गरिनेछ ।
- विद्यालयहरूमा स्थानीय तहमा बोलिने भाषाहरूमा प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) भाषाको अध्ययन अनुसन्धानसम्बन्धी :

- स्थानीय तहको भाषिक सर्वेक्षण गरी भाषिक प्रोफाइल तयार गरिनेछ ।
- स्थानीय तहका भाषाको अध्ययन गरी प्रयोग सम्भाव्यताको पहिचान गरिनेछ ।

- भाषिक अपसरण वा स्थानान्तरणको प्रभाव अध्ययन गरी भाषिक जीवन्तताको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- भाषा र लिपिको प्रयोग विस्तारको लागि अध्ययन र आधार खोजी गरिनेछ ।
- भाषाहरूको अवस्था अध्ययन गरी स्तर मापन गरी गरिनेछ ।

(ङ) भाषा तथा सूचना प्रविधिसम्बन्धी :

- भाषाहरूको विद्युतीय अभिलेखन कार्य गरिनेछ ।
- भाषाका सामग्रीहरूको प्रकाशन तथा प्रसारण गरिनेछ ।
- मातृभाषामा विद्युतीय पाठ्यसामग्री तयार पारिनेछ ।
- स्थानीय तहका भाषाहरूमा भाषिक शब्दकोश तयार गरिनेछ ।

(च) अनुगमन तथा नियमनसम्बन्धी :

- अनुगमन र नियमन समिति गठन गरिनेछ ।
- प्रतिवेदनको सार्वजनिकीकरण गरिनेछ ।
- अनुगमन सूचक तयार गरी अनुमन गरिनेछ ।

६. स्थानीय तहको जिम्मेवारी :-

(क) स्थानीय सरकारको जिम्मेवारी :

- भाषा संरक्षण र विकाससम्बन्धी नीति, योजना, मापदण्ड तयार गर्ने,
- भाषा संरक्षण र विकासका लागि कार्यक्रमसहित बजेटको व्यवस्था गर्ने ।

(ख) स्थानीय समुदायिक संघ, संस्थाको भाषिक जिम्मेवारी :

- भाषिक अधिकारको प्राप्तिका लागि बहस, पैरवी गरी अगुवाइ गर्ने,
- भाषिक अधिकारका लागि समन्वय, सहकार्य गर्ने ।

(ग) समुदायको भाषिक जिम्मेवारी :

- मातृभाषाको पुस्तागत हस्तान्तरण गर्ने, संस्कृति, संस्कारमा प्रयोग गर्ने,
- भाषिक आवश्यकता र अपेक्षालाई सम्बद्ध निकायमा पेस गर्ने ।

७. अपेक्षित उपलब्धिहरू :-

(क) स्थानीय तहमा बोलिने भाषाको सरकारी कामकाजमा प्रयोग भएको हुने,
(ख) स्थानीय तहका भाषाहरूको पुस्तान्तरणका साथै भाषाको विकास भएको हुने,
(ग) मातृभाषाको माध्यम र विषयको रूपमा विद्यालयमा प्रयोग भएको हुने,
(घ) भाषासम्बन्धी अध्ययन अनुसन्धान भई भाषिक प्रोफाइल तयार भई प्रयोग सम्भाव्यताको आधार तयार पारिएको हुने,
(ङ) मातृभाषाहरूको विद्युतीय अभिलेखन र मातृभाषामा सूचना प्रसारण भएको हुने,
(च) मातृभाषाको संरक्षण र विकाससम्बन्धी कार्यको अनुगमन र नियमन भएको हुने ।